# सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित समितिको
# दरखास्त आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०१)**

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ८ को उपदफा (८) बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ तथा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१ अनुसार देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ९ बमोजिम योग्यता पुगेको र सोही ऐनको दफा १० बमोजिम अयोग्यता नभएको हुनुपर्नेछ । उम्मेदवारले दरखास्तसाथ देहायको कागजात पेश गर्नुपर्नेछ:

(१) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(३) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(४) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, बजार व्यवस्थापन वा सूचना प्रविधि वा प्रसारणसम्बन्धी इन्जिनियरिङ क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपी,

(५) दरखास्त दिने अन्तिम मितिसम्म ३५ बर्ष उमेर पूरा भएको व्यहोरा खुलेको प्रमाण,

(६) शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रका प्रतिलिपी (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(७) हालसालै खिचेको पासपोर्ट साइजको फोटो (दुईप्रति),

(८) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(९) सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ मा उल्लेख भएबमोजिमको स्वःघोषणा,

(१०) आवेदकले संस्थाको अवधारणा पत्र, व्यावसायिक तथा आर्थिक कार्ययोजना, चुनौती र अवसर तथा भावी रणनीतिक योजना समेत समावेश गरिएको देहायको विवरण समेटिएको कार्ययोजना पेश गर्नु पर्नेछ:

(क) कम्तिमा ३००० देखि बढीमा ५००० शब्दसम्मको हुनु पर्नेछ,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको हुनु पर्नेछ,

(ग) पहिलो पृष्ठको सबभन्दा माथि आफ्नो नाम लेखिएको हुनु पर्नेछ,

(घ) अन्य पृष्ठको हकमा पश्चभागमा आवेदकले दस्तखत गरेको हुनु पर्नेछ,

(ङ) सो बाहेक अग्र पृष्ठमा कहीं कतै पनि नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै संकेत नभएको हुनु पर्नेछ,

(च) व्यावसायिक कार्ययोजना खाममा राखी शिलबन्दी गरिएको हुनुपर्नेछ,

(छ) दरखास्तसाथ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण समेत छुट्टै खाममा शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

(११) **दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र (मिति २०८१/०८/०७ गते) । अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन ।

(१२) **दरखास्त पेश गर्ने स्थान:** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रशासन तथा योजना महाशाखा, सिंहदरवार ।

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्तिको सिफारिससम्बन्धी कार्यविधि, २०८१ र यो सूचना मन्त्रालयको वेवसाइट www. mocit.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि मन्त्रालयको प्रशासन तथा योजना महाशाखामा सम्पर्क राख्न सकिने छ ।

अनुसूची-२

## उम्मेदवारको स्व-घोषणा

(दफा ६ को खण्ड (ग) को देहाय ९ सँग सम्बन्धित)

### विषय :स्वःघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु ।

| | | हो | होइन |
|---|---|---|---|
| (क) | उच्च नैतिक चरित्र भएको, | ☐ | ☐ |
| (ख) | नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, | ☐ | ☐ |
| (ग) | बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (घ) | भ्रष्टाचार, जबजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखान तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको, | ☐ | ☐ |
| (ङ) | नियुक्ति हुँदाका बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको, | ☐ | ☐ |
| (च) | कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र वा नागरिकता नलिएको, | ☐ | ☐ |
| (छ) | प्रचलित कानून बमोजिम अयोग्य नभएको, | ☐ | ☐ |
| (ज) | सार्वजनिक सेवा प्रसारण संस्थासँगको स्वार्थको द्वन्द नभएको । | ☐ | ☐ |

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

**आवेदक**

हस्ताक्षरः...........................................................................

नाम, थर-: ..........................................................................

ठेगाना-: .............................................................................

सम्पर्क नम्बरः......................................................................